कालिका गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ४ मितिः २०७९।०७।२०

**भाग-२**

**कालिका गाउँपालिका**

## अध्यक्ष/उपाध्यक्ष विकास कार्यक्रम कार्यान्वयन कार्यविधी २०७९

**प्रस्तावनाः**

स्थानीय सरकार प्रति जनताको अपेक्षा र चाहानाको अभिबृद्धि दिनानुदिन बढ्दै गैरहेके सन्दर्भमा स्थानीय तहले जनताको आधारभूत आवश्यकता परिपूर्ती सँगै विकास निर्माण गर्ने तर्फ विविध कार्यक्रम संचालन गरिरहेको छ । कालिका गाउँपालिकाले जनताका सार्वजनीक सरोकारका समस्याहरु सँगै उनीहरुको जिविकोपार्जनमा स्रोत साधनको अभावले कठिनाई भोगेकाहरुलाई सहज, सरल र छिटोछरितो तथा प्रभावकारी ढंगले कार्य गर्नका लागि आफ्ना वार्षिक नीति तथा कार्यक्रमलाई जनमूखी बनाउँदै लगेको छ। स्थानीय सरकार र जनताको विचको सम्बन्ध सुमधुर बनाउन जनतालाई स्थानीय सरकार प्रति विश्वस्त पार्न तथा जनताको आशा र भरोसाको केन्द्रको रुपमा स्थापित गर्न जनता र स्थानीय सरकार बिच आपसी समन्वय र सहकार्य कायम राख्न आवश्यक देखिनुका साथै जनताको जनप्रतिनिधीहरु (अध्यक्ष/उपाध्यक्ष) स्थानीय जनताको घरदैलोमा जाँदा निजहरुको अत्यावश्यक तत्कालै पुरा गर्नुपर्ने मागहरुको सम्बोधन गर्न तथा आकस्मिक रुपमा आइपर्ने विपद्जन्य समस्याको समाधानको लागि काम गर्न गाउँपालिकाले प्रत्येक वर्ष अध्यक्ष/उपाध्यक्ष विकास कार्यक्रम शिर्षकमा बजेट विनियोजन गरी खर्च गर्दै आइरहेको छ ।

यसरी कालिका गाउँपालिकाको विकासलाई अझ वढी प्रभावकारी जनतामैत्री बनाउनुका साथै गाउँपालिकावासी जनाताको पिरमर्का तथा अति आवश्यक समस्याहरु समाधान गर्ने उद्देश्यले अध्यक्ष/उपाध्यक्ष विकास कार्यक्रम शिर्षकमा विनियोजित बजेट कार्यान्वयन गर्न एक कार्यविधि निर्माण गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) को अधिनमा रही कालिका गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएकोछ ।

## परिच्छेद — १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम “अध्यक्ष/उपाध्यक्ष विकास कार्यक्रम कार्यान्वयन कार्यविधी २०७९” रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनुपर्छ ।

(ख) “गाउँपालिका” भन्नाले कालिका गाउँपालिका सम्झनुपर्छ ।

(ग) “अध्यक्ष” भन्नाले कालिका गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(घ) “उपाध्यक्ष” भन्नाले कालिका गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ङ) “कार्यक्रम/योजना” भन्नाले गाउँपालिकाद्धारा संचालन गरिने सम्पूर्ण कार्यक्रम/योजना सम्झनुपर्छ ।

(च) “कार्यपालिका” भन्नाले कालिका गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(छ) “गाउँ सभा” भन्नाले कालिका गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(ज) अध्यक्ष विकास कार्यक्रम भन्नले गाउसभाबाट अध्यक्ष विकास कार्यक्रम भनि विनियोजित बजेटबाट संचलन गरिने विकास तथा आकास्मिक कर्यक्रम सम्झनुपर्छ

(झ) उपाध्यफ विकास कार्यक्रम भन्नले गाउसभाबाट उपाध्यक्ष विकास कार्यक्रम भनि विनियोजित बजेटबाट संचलन गरिने विकास तथा आकास्मिक कर्यक्रम सम्झनुपर्छ

## परिच्छेद — २

## आयोजना संचालन गरिने क्षेत्रहरु

३. **आयोजना संचालन गरिने क्षेत्रहरु :** अध्यक्ष/उपाध्यक्ष विकास कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गर्नका लागि तपशिल बमोजिमका विभिन्न क्षेत्रहरुको पहिचान गरी योजना/आयोजना/कार्यक्रम संचालन गरिनेछ ।

**क. पूर्वाधार विकास :** ग्रमिण सडक/कृषि सडक, सामुदायिक/सामाजिक तथा सँस्कृतिक भवन, विद्यालय, खेलमैदान, खानेपानी सिंचाई, झोलुङ्गे पुल तथा कल्भर्ट, घेरावार, घरवस्ती संरक्षण तथा पहिरो नियन्त्रण, मन्दिर/गुम्बा/चर्च, गोरेटो बाटो, पुस्तकालय, प्रतिक्षालय निर्माण/संरक्षण तथा स्तरोन्नती/मर्मत सम्भार आदि ।

**ख. आर्थिक विकास :** कृषि, पशु, सकारी क्षेत्रको विकासको सम्भावनाहरुलाई मध्यनजर गर्दै ती क्षेत्रको विकासका लागि कृषक समुह/उद्मी वा व्यवसायी/सहकारी संस्थाहरुको मागको आधारमा एकमुष्ठ अनुदान कार्यक्रम । पर्यटन क्षेत्रको पहिचान र विकासका लागि संभावित क्षेत्रमा पूर्वाधार निर्माण तथा सामाजिक सांस्कृतिक पहिचानको सरक्षण र सम्वर्धन गर्ने खालका कार्यक्रमहरु ।

**ग. सामाजिक विकास :** शिक्षा, स्वास्थ्य तथा लक्षित क्षेत्रका कार्यक्रमहरु जस्तै शिक्षक अनुदान, छत्रवृत्ति सहयोग, शैक्षिक भ्रमण तथा पुस्तकालय व्यवस्थापन, खेलकुद विकास कार्यक्रमहरु, विद्यालय

पोशाक, दिवा खाजा, विपन्न नागरिक औषधी उपचार सहयोग, एम्बुलेन्स सेवा, स्वास्थ्य शिविर, एकल महिला कार्यमक्रम, जेष्ठ नगरिक सम्मान कार्यक्रम, अपांगता भएकाहरुको लागि कार्यक्रम, विपन्न दलित पिछडीएका वर्गहरुलाई प्रत्यक्ष सहयोग पुग्ने कार्यक्रमहरु ।

**घ. वन वातावरण तथा विपद् व्यवस्थापन :** IEE/EIA/DPR, वृक्षा रोपण, विपद् पूर्व तयारी तथा प्रतिकार्य तथा राहतसंग सम्बन्धित कार्यक्रमहरु ।

## परिच्छेद — ३

## आयोजना छनोट तथा कार्यान्वयन विधि वा प्रक्रिया र विविध

**४. आयोजना छनोट तथा कार्यान्वयन विधि वा प्रक्रिया :**

**क. बजेट सुनिश्चतता :** गाउँपालिको गाउँसभाबाट अध्यक्ष/उपाध्यक्ष कार्यक्रम अन्तरगत विनियोजित बजेट ।

**ख. योजना/कार्यक्रम छनोट :** अध्यक्ष/उपाध्यक्ष विकास कार्यक्रम शिर्षकमा एकमुष्ठ विनियोजित बजेटबाट दफा ३ बमोजिमको क्षेत्र भित्र पर्ने गरी अध्यक्ष/उपाध्यक्षले पहिचान गरेका, अनुगमनका क्रममा जनताका जरुरी माग सम्बन्धि निवेदन तथा अन्य आवश्यक ठानिएका महत्वपूर्ण योजना/कार्यक्रमहरु अध्यक्ष/उपाध्यक्षको प्रस्तावमा कार्यपालिको निर्णयबाट बजेट बाँडफाँड गरिनेछ ।

**ग. योजना/कार्यक्रम कार्यान्वयन विधि :** योजना/कार्यक्रम छनोट पश्चात पारदर्शी र प्रभावकारी रुपमा कार्यान्वयनको लागि योजना/कार्यक्रमको प्रकृति अनुसार उपभोक्ता समिति मार्फत/समुह सहकारी मार्फत/ एकमुष्ठ अनुदान मार्फत/संघ संस्था मार्फत कार्यक्रम संचालन गरिनेछ । साथै कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन नियमको अधिनमा रही गरिनेछ ।

घ. अयोजना छनोट गर्दा चालु र पुँजीगत बजेटको अनुपात ४०:६० को हुनुपर्नेछ ।तर पुँजीगत बजेट ६० प्रतिशत भन्दा वढी भएमा कुनै बाधा पर्ने छैन ।

**५. योजना/कार्यक्रमको फरफराक सम्बन्धी व्यवस्था :**

प्रचलित सार्वजनिक खरिद ऐन, नियम तथा आर्थिक ऐन, नियम तथा कार्यविधी बमोजिम गरिनेछ ।

**६. अनुगमन तथा मुल्यांकन र प्रतिवेदन :**

गाउँपालिकाद्धारा संचालित अन्य योजना/कार्यक्रमहरु जस्तै प्रक्रियाद्धारा अनुगमन तथा मुल्याङ्कन र प्रतिवेदनको व्यवस्था गरिनेछ ।

**प्रमाणीकरण मितिः** २०७९/०७/१४ **स्वीकृत मितिः** २०७९/०७/०१

**आज्ञाले,**

शितल वहादुर रावल

प्रमुख प्रशासकीय अधिकृत